# आर्थिक वर्ष २०७९।८० को

# नीति तथा कार्यक्रम

**छत्रकोट गाउँपालिका**

गुल्मी

मितिः २०७९।०३।०७

## “स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधार
## सुशासन सहितको समृद्ध छत्रकोट हाम्रो आधार ”

**सभाका सदस्य ज्यूहरु,**

नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजिविकाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धान्जली अपर्ण गर्दछु। विभिन्न आन्दोलनहरुका क्रममा घाइते हुनुभएका योद्धा,वेपत्ता नागरीक एवं अग्रज योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दै नेपाली समाज रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहान्छु।

२०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनवाट मलगायतको सम्पूर्ण जन प्रतिनिधिहरुलाई अमूल्य मत दिई निर्वाचित गराउनुहुने सम्पूर्ण छत्रकोट वासी बुवा आमा दाजुभाइ तथा दिदी-वहिनीहरु प्रति कृतज्ञता व्यक्त गर्दछु। निर्वाचनको समयमा तपाइहरु बीच राखीएका प्रतिवद्धताहरुको कार्यान्वयन प्रति इमान्दारीताका साथ लाग्ने र तपाइहरुको शिर निहुरिने गरी कुनै काम नगर्ने प्रतिवद्धता जाहेर गर्न चाहान्छु।

श्रद्धेय सभाका सदस्य ज्यूहरु,

गुल्मी जिल्लाको बाह्रवटा स्थानीय तहहरु मध्ये यो छत्रकोट गाउँपालिका सदरमुकाम देखि करिव २४ किलोमिटर टाढा प्राकृतिक स्रोत सम्पदाले भरिपूर्ण भएर वसेको छ । नेपालको संविधान २०७२ को संघीय संरचना अनुसार साविकका हुँगा, पल्लिकोट, हर्दिनेटा, दिगाम, खर्ज्याङ र दौंघा गरी ६ वटा गा.वि.स मिलेर यस छत्रकोट गाउँपालिका बनेको हो । २०६८ को जनगणना अनुसार २१,४८१ जनसंख्या रहेको यस गाउँपालिकाको पूर्वमा रुरु गाउँपालिका, पश्चिममा गुल्मी दरवार गाउँपालिका र अर्घाखाँचीको पाणिनी गाउँपालिका, उत्तरमा सत्यवती गाउँपालिका र चन्द्रकोट गाउँपालिका तथा दक्षिणमा अर्घाखाँची जिल्लाको छत्रदेव गाउँपालिका र पाल्पा जिल्लाको रैनादेवी छहरा गाउँपालिका रहेका छन् । भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना बोकेको गाउँपालिका भएर पनि अग्ला एवं विकट पहाडी भूभागका कारण विकास निर्माणको लागि हाम्रा सामु धेरै चुनौतीहरु रहेका छन ।विकासको क्रममा पछाडि परेका वर्ग तथा समुदायलाई विकासको मूलप्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारीको अवसर श्रृजना गर्ने, कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण गर्ने, सुशासन प्रर्वद्धन गरी नागरीकहरुलाई सेवा प्रवाहमा सहजता गर्ने,पर्यटन विकासबाट लाभ लिई आर्थिक गतिविधिको विकास गराउने, वनजंगलको संरक्षणगर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गर्दै सामाजिक रुपान्तरणवाट अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासन मैत्री बनाई संस्थागत सुदृढीकरण गर्ने तथा नेपालको संविधानको अनुसुची ८ मा

व्यवस्था भए वमोजिमका अधिकार क्षेत्रका विषयमा कानुन निर्माण तथा कार्यान्वयन गरी आत्मनिर्भर तर्फ उन्मुख हुनुपर्ने समग्र चुनौतीहरु हाम्रो सामु विद्यमान रहेका छन् ।

त्यसरी नै, थुप्रै चुनौती हुँदाहुँदै पनि हामी संग प्रशस्त संभावनाहरु पनि रहेका छन् । प्राकृतिक श्रोत र साधनले भरिपूर्ण, सुन्तला पकेट क्षेत्र,अदुवा पकेट क्षेत्र,तरकारी पकेट क्षेत्रको विकास गरीएको,प्रशस्त खेतीयोग्य जमिन,कला र संस्कृति,जातीय विविधता,श्रममा रमाउने परिश्रमी र श्रमजीवि जनता, विस्तारित सडक, समग्र विकासको लागि छत्रकोट गाउँपालिकावाट पारित भएका ऐन, कानुन, नियमावली तथा कार्यविधिहरु र उक्त ऐन कानुन अनुसार सेवाग्राहीहरुलाई गुणस्तरीय सेवादिने चुस्त कर्मचारी संयन्त्र हाम्रो विकासको संभावना हुन । यिनै सम्पूर्ण संभावनालाई आत्मसात गर्दै छत्रकोट गाउँपालिकाको विकास निर्माणमा सवैको साथ र सहयोग अपरिहार्य महसुस गरेका छौं । हाम्रो गाउँपालिकाको विकासको अपेक्षित उद्देश्यहरु हासिल गर्न जन निर्वाचित प्रतिनिधिहरुको कुशल नेतृत्व अति नै आवश्यक भए वमोजिम नेपालको संविधानले स्थानीय सरकारको परिकल्पना गरे अनुसार स्थानीय तहको दोस्रो आवधिक निर्वाचन सम्पन्न पश्चात जनताको अमूल्य जनमतले हामी निर्वाचित भई यस छत्रकोट गाउँपालिकाको नेतृत्व सम्हाल्ने अवसर प्राप्त गरेका छौं। यस अवधि सम्म आइपुग्दा लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा हरपल प्रयत्नशील छौं ।

नव निर्वाचित जन प्रतिनिधिको सिंगो टिमलाई समग्र गाउँपालिकाको विकास निर्माणमा सहयोग गर्न राजनीतिक दल, कर्मचारी प्रशासन, नागरीक समाज, निजि क्षेत्र, गैर सरकारी संस्था,संचार क्षेत्र तथा आम जनसमुदायको रचनात्मक एवं सिर्जनात्मक सहयोगको अपेक्षा गर्दछु । साथै नेपाल सरकारको “सम्वृद्ध नेपाल, सुखी नेपाली” तथा प्रदेश सरकारको “सम्वृद्ध प्रदेश खुशी जनता” भन्ने नारालाई आत्मसात गर्दै यस छत्रकोट गाउँपालिका भित्रका नागरीकहरुलाई सम्वृद्ध र सुखी बनाउन **“सुखी र खुसी छत्रकोट बासी, समृद्ध छत्रकोट”**लक्ष्यका साथ योजनाबद्ध विकासको बाटोमा अघि बढ्न हामी जननिर्वाचित सम्पूर्ण प्रतिनिधीहरु यस छत्रकोट गाउँपालिकाको चौतर्फी विकास निर्माणको लागि एकजुटभई अगाडि बढ्ने प्रण गर्दछौं ।

श्रद्धेय सभाका सदस्य ज्यूहरु,

**अब म आ.व. ०७९।०८० को क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।**

# १. सामाजिक विकास

## क) शिक्षा,संस्कृति,भाषा,कला तथा साहित्य नीति

- आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न विद्यालय पढ्ने उमेरका कुनै पनि बालबालिकाहरु कुनै पनि कारणले विद्यालय बाहिर रहनु नपर्ने सुनिश्चितता गर्दै विद्यार्थी खोज अभियान सञ्चालन गरिनेछ।
- शिक्षालाई प्रविधि मैत्री बनाउन र प्रविधिको माध्यमवाट शिक्षक तथा विद्यार्थीहरुलाई नयाँ नयाँ ज्ञान र सिप विकास गराउन तथा २१ औं सताप्दीको आवश्यकता अनुसारको शिक्षा प्रदान गर्न शिक्षकहरुको क्षमता विस्तारमा जोड दिइने छ।

- आर्थिक अभावका कारण विद्यालय जान रोकिएका बालबालिकाहरुलाई जन प्रतिनिधि तथा अन्य इच्छुक व्यक्तिहरुले अभिभावकत्व ग्रहण गर्ने व्यवस्था मिलाई बालबालिकाहरुको पढाइप्रतिको चाहानालाई निरन्तरता प्रदान गरिनेछ।
- सामुदायिक विद्यालयको पठन पाठनलाई प्रतिस्पर्धी वनाई शिक्षाको गुणस्तरमा सुधार ल्याउन अनुगमन,मूल्याङ्कन र पृष्ठपोषणलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- सङ्घीय सरकार तथा प्रदेश सरकारवाट छात्रवृत्ति पाउन नसकेका अन्य वर्गका बालबालिकाहरुको लागि गाउँपालिका स्तरीय छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था मिलाइने छ।
- प्राविधिक धार सञ्चालन गरेको आत्मबोध माध्यमिक विद्यालयको गुणस्तर वृद्धिको लागि विशेष पहल गरिने छ। साथै पूर्वाधार निर्माणलाई निरन्तरता प्रदान गरिनेछ।
- आदर्श बहुमुखी क्याम्पसको पठनपाठनलाई व्यवस्थित बनाउन आवश्यक सहयोग गरिनेछ।
- विद्यालय खाजा कार्यक्रम थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- अङ्ग्रेजी,गणित,विज्ञान जस्ता विषयमा विद्यार्थीको क्षमता वृद्धि गर्न थप कक्षा सञ्चालन गर्न विद्यालयलाई आवश्यक व्यवस्था गरिनेछ।
- राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमलाई थप व्यवस्थित गर्न आवश्यक व्यवस्था मिलाइने छ।
- शिक्षकहरुमा हेरेर देखेर सिक्ने र उक्त कुरा व्यवहारमा लागु गर्ने गरी शैक्षिक भ्रमण अवलोकनको व्यवस्था मिलाइने छ।
- थप प्राविधिक विषय सञ्चालनको लागि आवश्यक पहल गरिनेछ।
- पूर्वाधार नपुगेका विद्यालयमा पूर्वाधार पुर्‍याउन आवश्यक व्यवस्था मिलाइने छ।
- शिक्षाको गुणस्तर सुधारका लागि पुरस्कार र दण्डको व्यवस्था गरिनेछ। लगातार ३ वर्ष न्यूनतम ५० प्रतिशत नतिजा दिन नसक्ने शिक्षकहरुलाई आवश्यक कारवाही प्रक्रिया अगाडि वढाइनेछ।
- वैज्ञानिक खोजी तथा अनुसन्धान क्षमता वृद्धिका लागि माध्यमिक तहका विद्यालयहरुमा विज्ञान प्रदर्शनी कार्यक्रम सुरु गरिनेछ ।
- विद्यालयलाई प्याकेटको खाना(**जङ्क फुड**) निषेधित गराउन एउटा अभियानको रुपमा कार्यक्रम अगाडि बढाईनेछ ।
- आधारभूत तहको परीक्षामा गाउँपालिकामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी र उत्कृष्ट नतिजा दिने विषय शिक्षकलाई सम्मान गरिने छ ।
- शैक्षिक संस्था भित्र मादक पदार्थ,सूर्तिजन्य पदार्थ, नशालु पदार्थ, धुम्रपान आदि प्रयोग भएको पाइएमा आवश्यक कारवाही गरिने छ।
- आस्थाका हिसाबले कुनै पनि शिक्षक तथा कर्मचारीलाई विभेद गरिने छैन। राजनीतिमा संलग्न भई आफ्नो जिम्मेवारी पूरा नगर्ने शिक्षक तथा कर्मचारीलाई आवश्यक कारवाही गरिनेछ।
- साना बालबालिकाहरूलाई पठन पाठन गर्न टाढा जान नपरोस भनी गाउँपालिकाले व्यवस्था गरेका बाल शिक्षकहरुको सेवालाई निरन्तरता प्रदान गरिनेछ।

- यस गाउँपालिका भित्रका सम्पूर्ण शैक्षिक संस्थामा इन्टरनेट सेवा, फोटोकपि मेसिन र कम्प्यूटर को व्यवस्थापन गरिनेछ।
- हरेक विद्यालयमा अनिवार्य रुपमा फूलवारी वनाउने कार्यलाई सुरु गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
- यस गाउँपालिका भित्र रहेका विभिन्न किसिमका कला,संस्कृति,भाषा र साहित्यको संरक्षण,प्रवर्द्धन र विकास गर्न आवश्यक व्यवस्था गरिनेछ।

## ख)<u>जनस्वास्थ्य तथा पोषण नीति :-</u>

- **"गर्भवतीमा अण्डा खान्छन् सुत्केरीमा भाले, छत्रकोटमा हर्लिक्स खान्छन् हाम्रा आमा बाले"** भन्ने नारालाई अवलम्बन गर्दै गर्भवती,सुत्केरी र जेष्ठनागरीको स्वास्थ्य र पोषणको अवस्थालाई सुदृढ बनाउने व्यवस्था मिलाइनेछ।
- स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनी तोकिएका सबै आधारभूत स्वास्थ्य सेवाहरु सम्पूर्ण जनताहरुको पहुँचमा पुर्‍याइने छ ।
- विभिन्न किसिमका असाध्य रोग लागि उपचारमा समस्या देखिएका अति विपन्न र कमजोर आर्थिक अवस्था भएका सर्वसाधारणहरुको उपचारको लागि संघीय सरकार र प्रदेश सरकारवाट प्रदान गर्दै आएको औषधी उपचार खर्चका अतिरिक्त गाउँपालिका वाट एक पटकको लागि यातायात खर्चको व्यवस्था मिलाउने नीति अवलम्बन गरिनेछ।
- हाल सञ्चालनमा रहेका प्राथमिक स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य सेवा इकाइवाट प्रदान हुँदै आएको सेवालाई थप प्रभावकारी र व्यवस्थित गर्दै लगिनेछ।
- १५ शैयाको अस्पत्ताल निर्माण गरी स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन अस्पत्तालको सुविधा सम्पन्न भवन निर्माण कार्यको आरम्भ गरिने छ।
- भवन अभावमा गुणस्तरीय सेवा दिन नसकिरहेको हर्दिनेटा स्वास्थ्य चौकीको भवन बनाउन आ.व ०७९।०८० देखि नै निर्माण कार्य सुरुवात गरिनेछ।
- गाउँपालिकाको आफ्नै लगानीमा सञ्चालित सामुदायिक स्वास्थ्य इकाइवाट प्रदान हुने सेवालाई थप व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइने छ।
- भवन निर्माण हुन बाँकी सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण कार्यको सुरुवात गरिनेछ।
- श्रृङ्गा प्राथमिक स्वास्थ्य केन्द्रवाट प्रदान भइरहेको सेवा बिस्तार गर्न र दक्ष जनशक्तिको अभाव हुन नदिन आवश्यक व्यवस्था मिलाइने छ।
- गाउँपालिकाको आफ्नै लगानीमा सञ्चालन भइरहेका २४ घण्टे प्रसुति सेवा र ल्याव सेवा लाई थप प्रभावकारी रुपमा सञ्चालन गरिने छ।
- गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य अवस्थाको उचित ख्याल गरी **गर्भवती तथा सुत्केरी सँग उपाध्यक्ष भेटघाट** कार्यक्रम संचालन गरिनेछ।
- स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरुको क्षमता विकासको लागि आवश्यक व्यवस्था मिलाइने छ।

- योग शिक्षालाई प्रचार प्रसार गर्न र योगका माध्यमवाट मानिसहरुलाई सुवास्थ्य र तन्दुरुस्त बनाइ राख्न विद्यालयहरुमा योग सिविर सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
- स्वास्थ्य सेवाको जनशक्ति अभाव हुन नदिनको लागि प्रदेश लोक सेवा आयोगमा माग गर्ने र पदपूर्ति नहुँदा सम्म सेवा करार गरी पदपूर्ति गर्ने व्यवस्था मिलाइने छ।
- पोषण मैत्री गाउँपालिका घोषणा गर्ने कार्यको शुरुवात गर्ने व्यवस्था गर्दै ५ वर्ष भित्र गाउँपालिकालाई पोषण मैत्री गाउँपालिका घोषणा गरिनेछ।
- सबै सरकारी कार्यालयमा स्तनपान कक्षको निर्माण गर्दै लगिनेछ।
- सङ्घीय सरकार,प्रदेश सरकार तथा निजी तथा सामुदायिक संघ संस्थाहरु संगको सहकार्यमा विभिन्न किसिमका रोगहरुको लागि विशेषज्ञ सहितको घुम्ति शिविर आयोजना गरिनेछ।
- जेष्ठ नागरीक,बालबालिका, दिर्घरोगी,गर्भवती,सुत्केरी,अपाङ्ग तथा विशेष प्रकृतिका व्यक्तिहरुको स्वास्थ्य सुरक्षामा विशेष ध्यान पुर्याइनेछ ।
- विद्यार्थीहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै स्वास्थ्यकर्मी द्वारा विद्यालयमा नै पुगेर सम्पूर्ण विद्यार्थीहरुको सामान्य स्वास्थ्य परीक्षण गर्ने कार्यको सुभारम्भ गरिने छ।
- आर्थिक अभावमा कसैको पनि अकालमा ज्यान नजाओस् भन्ने उद्देश्यले सुत्केरी व्यथा लागेका आमाहरुलाई स्वास्थ्य संस्था सम्म जानको लागि निःशुल्क एम्बुलेन्सको व्यवस्था मिलाइने छ।
- सुत्केरी तथा नवजात शिशुको स्वास्थ्य सुधार ल्याउन नमूनाको रुपमा पोषण सामाग्रीहरुको प्रचार प्रसार गर्ने तथा गरीब र असहायहरुलाई निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइने छ।
- जटिल किसिमको सुत्केरी व्यथालागि नजिकको स्वास्थ्य संस्थामा उपचार सम्भव नभएका गर्भवती महिलाहरुको जीवन रक्षाको निमित्त तत्काल उद्धार गर्न सङ्घीय सरकार संग समन्वय गरी हेलिकप्टर मार्फत् उद्धार गर्ने व्यवस्था मिलाइने छ।
- प्रदेश सरकारको समन्वयमा सञ्चालित आयुर्वेद सेवा केन्द्रलाई थप व्यवस्थित रुपमा सञ्चालन आवश्यक व्यवस्था मिलाइनेछ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरुको यातायात खर्चमा थप वृद्धि गर्दै निरन्तरता दिइनेछ।साथै लामो समय सम्म स्वास्थ्य स्वयंम् सेविकाको रुपमा काम गरी उमेर हदका कारण अवकास हुने महिला स्वास्थ्य स्वयम् सेविकाहरुको सम्मानजनक विदाइको लागि गाउँपालिकालवाट थप सहयोगको व्यवस्था मिलाइनेछ।
- मद्यपान,धुम्रपान तथा सुर्तीजन्य पदार्थको बिक्री वितरण तथा प्रयोगलाई निरुत्साहित गर्न पहल गरिनेछ।
- मादक पदार्थ तथा सूर्तिजन्य पदार्थको बिक्री वितरण तथा प्रयोग गर्ने कार्यमा १६ वर्षभन्दा कम उमेरका बालबालिकाहरुलाई निषेध गरिनेछ।यदि त्यस्तो भएमा विक्रेता र प्रयोगकर्तालाई उचित दण्डको व्यवस्था गरिनेछ।
- गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको औषधी आपूर्ति आकस्मिक मौज्दात र स्वीकृत मौज्दातका आधारमा नियमित गरी प्रभावकारी स्वास्थ्य सेवाको प्रत्याभूति गरिनेछ ।

- महामारीजन्य रोगहरुको तत्काल रोकथाम तथा नियन्त्रणको लागि आवश्य व्यवस्था मिलाइनेछ।

## सभाका सदस्य ज्यूहरु,

## ग) खानेपानी तथा सरसफाई

- आगामी २ वर्ष भित्र सबैको घर घरमा खानेपानी पुऱ्याउने कार्य सम्पन्न गरिनेछ।
- जनताको आधारभूत खानेपानी आवश्यकतालाई मध्यनजर गर्दै निर्माण चरणमा रहेको खर्ज्याङ्ग बृहत खानेपानी आयोजनालाई दुई वर्षभित्र पूरा गरी प्रत्येक उपभोक्ताको घर-घरमा खानेपानीको धारा पुऱ्याउने व्यवस्था मिलाइने छ।
- खर्ज्याङ्गमा रहेको तत्कालीन खानेपानी समस्या समाधान गर्न आवश्यक प्रक्रिया अवलम्बन गरिनेछ।
- खानेपानीका मूल संरक्षणको लागि आवश्यक व्यवस्था मिलाइनेछ।साथै मूल सुक्न नदिन वृक्षारोपण गर्ने कार्य आरम्भ गरिनेछ।
- गाउँपालिकामा संञ्चालनमा रहेका लिफ्टिङ खानेपानी आयोजनाहरुको विद्युत महशुलमा छुट दिने व्यवस्थालाई थप गर्दै निरन्तरता समेत प्रदान गरिनेछ।
- खानेपानी आयोजना दिगो रुपमा सञ्चालन गर्नको लागि मर्मत संभारमा निश्चित रकम गाउँपालिका वाट र सोही अनुपातको रकम खानेपानी उपभोक्ताले राखी मर्मत सम्भार कोष स्थापना गर्ने व्यवस्थालाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- खानेपानी आयोजना दिगो रुपमा सञ्चालन गर्न धरमपानी मैनडाँडाँ खानेपानी आयोजनालाई लाई व्यवस्थित गर्न आवश्यक बजेट व्यवस्था मिलाइने छ।
- स्वच्छ,सुन्दर र हराभरा गाउँपालिका निर्माण गर्न वजार उन्मुख क्षेत्रहरुको पहिचान गरी सार्वजनिक शौचालय निर्माण गर्दै निजी क्षेत्रलाई हस्तान्तरण गर्ने कार्यको आरम्भ गरिनेछ।
- बजारक्षेत्रवाट निस्कने फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ।
- सरसफाई कार्यलाई व्यवस्थापन गर्नको लागि सबै सरसफाइ समितिहरुलाई सक्रिय बनाइनेछ।
- सफा र स्वच्छ खानेपानीको लागि पानीको गुणस्तर परीक्षणलाई जोड दिइनेछ ।

## घ) महिला, बालबालिका, जेष्ठ नागरीक र लक्षित वर्ग तर्फ

- महिलाहरुको सिप विकास, क्षमता विकास, आयआर्जन तथा सशक्तीकरणमा जोड दिँदै लैंगिक हिंसाको अन्त्यको लागि शुन्य सहनशिलतालाई अवलम्वन गर्दै लैगिक हिंसा शुन्य गाउँपालिका बनाउने नीति अवलम्वन गरिनेछ।
- एकल महिलाहरुलाई विभिन्न आयमूलक कार्यक्रम संचालन गरी आत्मनिर्भरता तर्फ उन्मूख गरिनेछ।
- लघुउद्यम कार्यक्रमलाई आय आर्जनमा जोडि महिलालाई आत्मनिर्भर बनाउँदै लगिनेछ।
- नेतृत्व तहमा महिलाहरुको पहुँच वृद्धि गराउन महिला नेतृत्व र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

- महिला उद्यमी सिर्जना गर्नको लागि आवश्यक तालिम र सामाग्रीको व्यवस्था गरिनेछ।
- "समान कामको लागि समान ज्याला" नीति अवलम्बन गर्दै पूर्ण कार्यान्वयन गरिने छ ।
- "विकास निर्माणमा महिला, इमान्दारिता र पारदर्शितामा पहिला" भन्ने भावनाको साथ प्रत्येक योजनाको कार्यान्वयनमा महिला सहभागिता ३३ प्रतिशत अनिवार्य गरिनेछ।
- समाजका सम्मानित व्यक्तिका रुपमा रहुनभएका जेष्ठ नागरीकहरुको सुझाव सल्लाह लिने उहाँहरुको दैनिक कार्य सहज बनाउन विश्राम कक्ष बनाउन र मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
- जनताले प्रत्यक्ष देख्ने,सुन्ने र अनुभूती गर्ने सरकारको रुपमा रहेको यो सरकारले घर दैलोवाट नै सेवा प्रदान गर्ने कार्यलाई थप व्यवस्थित गर्दै जेष्ठ नागरीक,पिछडिएका वर्ग,अपाङ्ग लगायतलाई सामाजिक सुरक्षा भत्ता प्रत्येक वडा/टोल वाट वितरण गर्ने कार्यलाई थप व्यवस्थित गर्दै वडा नं. १ र २ मा समेत विस्तार गरिनेछ।
- **जेष्ठनागरीक सँग अध्यक्ष कार्यक्रम** संचालन गरिनेछ।
- वालवालिकाहरुको शारीरिक मानसिक तथा संवेगात्मक रुममा सवल र सक्षम वनाई देशको योग्य नागरीक तयार गर्ने नीति अवलम्बन गरिनेछ।
- गाउँपालिकाभरिका अशक्त असहाय तथा जेष्ठ नागरीकहरुलाई घरदैलोमै गई स्वास्थ्य सेवा उपलब्ध गराइने व्यवस्था मिलाइने छ।
- असहाय,विपन्न तथा सिमान्तकृत बालबालिकाहरुका लागि सामुदायिक विद्यालयहरुमा अध्ययन गर्न विशेष अनुदानको व्यवस्था गरिनेछ।
- यस गाउँपालिकालाई बालविवाह मुक्त गाउँपालिका बनाउनको लागि बाल क्लब मार्फत विभिन्न सचेतनामूलक कार्यक्रमहरु संचालन गरी बाल विवाहलाई पूर्ण रुपमा रोक्ने नीति अबलम्बन गरिनेछ।
- दलित तथा विपन्न वर्गका परिवारलाई निःशुल्क विद्युत मिटर वितरण गर्ने व्यवस्था मिलाइनेछ।
- विपन्न दलित परिवारको आर्थिक स्तर वृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत गाउँपालिकाले प्रदान गर्दै आएको ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ।
- फरक क्षमता (अपाङ्गता) भएका ब्यक्तिहरुलाई सेवाप्राप्तीमा सहज पहुँचका लागि नयाँ निर्माण हुने गाउँपालिकाका, वडा कार्यालय तथा अन्य सरकारी कार्यालयहरुलाई अपाङ्ग मैत्री बनाइनेछ।
- गाउँपालिकावाट प्रदान गरिने सेवामा अपाङ्गता भएका व्याक्तिहरुलाई प्राथमिकता प्रदान गर्दै सेवा प्रवाह निःशुल्क रुपमा गरिनेछ।
- विद्यालयमा अध्ययन गर्न चाहने विद्यालय जाने उमेर पुगेका फरक क्षमता भएका बालबालिकाहरुलाई गाउँपालिकाको सहयोग र अन्य विभिन्न निकाय,संघ संस्थाको सहयोग र समन्वयमा अध्ययनको अवसर प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
- परम्परागत पेशालाई समयानुकुल परिमार्जन गर्दै पेशागत सुधारको लागि आवश्यकता अनुसार विभिन्न प्रविधिहरु उपलव्ध गराई स्वरोजगार हुन प्रेरित गरिनेछ ।

- उच्च शिक्षा अध्ययन गरीरहेका विद्यार्थीहरुलाई लक्षित गरी सरकारी सेवा तर्फ प्रेरित गर्न लोकसेवा तथा शिक्षक सेवा आयोगको तयारी कक्षाहरु संचालन गर्नको लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- “पूरानो पिंडीको अनुभव, नयाँ पिंडीमा सदुपयोग” नारालाई आत्मसात गर्दै अनुभवका धनी जेष्ठ नागरीकहरुको भोगाई र सिकाईहरुलाई विकासको क्षेत्रमा उपयोग गर्ने नीति अवलम्बन गरिनेछ।
- आर्थिक अवस्था कमजोर भएका प्राविधिकधार तर्फको उच्च शिक्षामा सरकारी क्याम्पसमा नाम निकाल्न सफल विद्यार्थीलाई विशेष छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाइनेछ।
- "हामी सबैको आह्वान,जेष्ठ नागरीहरुको सम्मान" नारालाई आत्मसात गर्दै सवै घर परिवार तथा समाजमा जेष्ठ नागरीक प्रति आदार/सम्मानको वातावरण निर्माण गर्ने खालका सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।
- जातीय विभेद जस्ता कार्यलाई निरुत्साहित गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।जातीय विभेद-उपर कडा कारवाही गर्ने व्यवस्था मिलाइने छ।

## ङ) युवा तथा खेलकुद सम्बन्धि नीति

- युवावर्गमा भएको सिप तथा क्षमताको पहिचान गरी “गाउँ विकासको लागि युवा अभियान” कार्यक्रम संचालन गरी युवाहरुलाई समाज सेवा प्रति प्रेरित गर्ने नीति लिइनेछ ।
- "स्वास्थ्यको लागि खेलकुद,राष्ट्रका लागि खेलकुद" नारालाई व्यवहारमा लागू गर्न सवै युवाहरुलाई खेलकुदमा उत्प्रेरित गर्ने खालका कार्यक्रमहरु संचालन गरिने छ।
- खेलकुदमा युवाहरुको वढ्दो आकर्षण भएको हुँदा युवाहरुको माग वमोजिम गाउँपालिका स्तरीय विभिन्न खेलकुदका कार्यक्रमहरु आयोजना गरिनेछ ।
- “वेरोजगार युवाको लागि स्वरोजगार, छत्रकोट विकासको आधार” नारालाई अवलम्बन गर्दै गाउँपालिकाभित्र केही गर्न चाहने तर लगानीको अभाव भएका न्यूनतम १०० जना युवाहरुलाई बैंक तथा सहकारी संगको सहकार्यमा ऋणको व्यवस्था गरिने र बैंक ब्याजको ७५ प्रतिशत रकम गाउँपालिकाले व्यहोर्ने गरी न्यून व्याजमा ऋण उपलब्ध गराई आय आर्जन र रोजगारीमा वृद्धि हुने व्यवस्था मिलाइने छ।
- विभिन्न सिप तथा नया प्रविधि सिकेर आत्म निर्भर बन्न चाहने युवाहरुका लागि विभिन्न क्षमता विकाससम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- युवाक्लवहरुलाई खेलकुद तर्फ आकर्षित गर्न खेलकुद सामाग्री वितरण कार्यलाई अगाडि वढाइने छ।साथै युवाहरुलाई खेल प्रशिक्षणको लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- गाउँपालिका स्तरीय खेल मैदानहरुलाई थप व्यवस्थित रुपमा सञ्चालन गरिने छ।
- अध्यक्षकप खेलकुद कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ।

### च) <u>जनसंख्या तथा बसाई सराई सम्बन्धी नीति</u>

- यस गाउँपालिकावाट अन्यत्र बसाइसराइ गरी जाने प्रवृत्तिलाई निरुत्साहित गर्न विभिन्न किसिमका आयमूलक र रोजगार मूलक कार्यक्रमहरु संचालन गरिनेछ।
- गाउँपालिका भित्र अव्यवस्थित रुपमा बसोबास गरेका परिवारहरुलाई आवश्यकता अनुसार व्यवस्थित बसोवासको व्यवस्था मिलाइने छ।
- बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको जोखिममा रहेका बस्तीहरुको आवश्यकता अनुसार बस्ती स्थान्तरण कार्यक्रम संचालन गरिनेछ।
- अन्य क्षेत्रवाट यस गाउँपालिकामा बसाई सराई गरेर आउने परिवारलाई विशेष प्राथमिकताका दिदै अनुदानका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

# सभाका सदस्य ज्यूहरु

# २.आर्थिक विकास तर्फ

### क)<u>कृषि,पशुपंक्षी विकास,सिँचाई तथा भूमि व्यवस्था सम्बन्धी नीति</u>

- गाउँपालिकाको समग्र विकासको आधार कृषि क्षेत्र भएको हुँदा कृषिको विविधीकरण गरी देशका विभिन्न स्थानसम्म व्यापार विस्तार गर्न तत्काल गाउँपालिकाको कम्तिमा दुई वटा स्थानमा संकलन केन्द्र निर्माण गरी बजारीकरणलाई सहज बनाउने कार्य अगाडि बढाइनेछ।
- कृषिलाई मुख्य पेशाको रुपमा अवलम्बन गर्ने कृषि योग्य भूमिलाई सुधार गर्न चाहने कृषकहरुलाई अनुदानको व्यवस्था मिलाइने छ।
- तरकारी खेतीलाई थप व्यवसायीकरण गर्न प्रोत्साहन पुरस्कारको व्यवस्था मिलाइने छ।
- कृषि बीमा कार्यक्रम निःशुल्क रुपमा संचालन गर्ने व्यवस्था मिलाइनेछ।
- कृषि औजार तथा यन्त्रमा प्रदान गर्रिंदै आएको छुटलाई वृद्धि गरिनेछ।
- उत्पादित कृषि जन्य सामानहरु किसानवाट सोझै उपभोक्ताले प्राप्त गर्न सक्ने वातावरणको लागि साप्ताहिक हाट बजारको व्यवस्था मिलाइने छ।
- दुग्ध जन्य उत्पादनहरुलाई थप विस्तार गर्न चिलिङ सेन्टर स्थापना गर्ने कार्य अगाडि वढाइनेछ।
- पशुपालक कृषकहरुको सुविधाको लागि एक भटेनरी डाक्टर राख्न आवश्यक व्यवस्था मिलाइने छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादन सँग जोडी आय आर्जनमा वृद्धि गरिनेछ।
- कृषि तथा पशु प्राविधिक सँग जनताको पहुँच पुग्ने गरी थप जनशक्तिको व्यवस्था गरिनेछ।
- किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।
- सुन्तलाजातका फलफूल पकेट विकास कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।
- नयाँ सुन्तलाजात फलफूल विकास कार्यक्रम सञ्चालन गरी सेवा विस्तार गरिनेछ।
- नयाँ बाख्रा पकेट कार्यक्रम सञ्चालन गरिनेछ।

- खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान कार्यक्रमलाई थप व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।
- उन्नत बिउ उत्पादन गरी वितरण गर्ने वितरकलाई प्रोत्साहन अनुदानको व्यवस्था मिलाइने छ।
- गाउँपालिकाले प्रदान गर्दै आएको कृषक पेन्सन कार्यक्रमलाई सङ्घीय सरकारको कार्यक्रम सँग मिलाई थप व्यवस्थित र विस्तार गरिनेछ।
- कृषि तथा पशु विकास पकेट कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।
- दुधमा दिइदैं आएको अनुदानलाई व्यवस्थित गर्दै निरन्तरता प्रदान गरिनेछ।
- कृषि जन्य उत्पादनका केही विशेष वस्तुहरुको छनोट गरी मूल्य अनुदानको व्यवस्था मिलाइने छ।
- कृषि कार्यलाई थप सिँचाई सुविधा पुऱ्याउन सिँचाईको लागि आवश्यक व्यवस्था मिलाइने छ।
- पानीका मुहानहरु सुक्दै गइरहेको परिस्थितिमा आकासे पानी संकलन गर्न परम्परा देखि रहँदै आएका पोखरीहरुलाई थप व्यवस्थित गरिने कार्यक्रम वनाई एक टोल एक पोखरी अभियान संचालन गरिने छ।
- सिँचाइको लागि प्रयोग गर्ने विद्युत न्यूनतम शुल्कमा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइने छ।
- गाउँपालिकाले स्थापना गरेको बागवानीलाई निश्चित उद्देश्य र सर्त तोकी स्थानीय समूहलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाइने छ।
- छत्रकोटभित्रका विभिन्न फरक फरक ठाउँको निःशुल्क रुपमा माटो परीक्षण गर्ने र जुन खेती गर्न उपयुक्त हुन्छ सोही अनुसार कृषि गर्ने प्रक्रियालाई अगाडि बढाउन प्रेरित गरिनेछ।
- छत्रकोट कृषि तथा पशु विशिष्टीकृत सहकारी संस्था सँगको समन्वयमा सञ्चालित बाँझो जग्गा व्यवस्थापन कार्यक्रम मार्फत् बाँझो जग्गालाई खतीयोग्य बनाउन आवश्यक व्यवस्था मिलाइनेछ।साथै उक्त कार्यको सम्पूर्ण स्वामित्व सहकारीलाई प्रदान गरिनेछ।
- परम्परादेखि खेती हुँदै आएको खेतीयोग्य जमिन बाँझो बनाएका जग्गाधनीलाई खेती गर्न आह्वान गरिनेछ।सो समयमा पनि जमिन बाँझो रहेमा व्यवसायिक रुपमा खेती गर्न इच्छुक कृषकहरूलाई निःशुल्क रुपमा खेती गर्नको लागि जग्गा उपलब्ध गराउने प्रक्रियाको लागि आवश्यक कार्यविधि बनाइ अघी वढाइनेछ।

## ख)<u>पर्यटन प्रवर्धन नीति</u>

- हनुमान मन्दिरदेखि छत्रदेव मन्दिरसम्म जिपलाईन संञ्चालन गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्दै आन्तरिक आयमा वृद्धि गरिनेछ।
- सङ्घीय सरकार र प्रदेश सरकार सँगको सहकार्यमा छत्रकोट देवालय परिसर र भगवती मन्दिर,भालुपानीलाई थप व्यवस्थित गरिनेछ।
- छत्रकोटका सबै वडामा रहेका सांस्कृतिक सम्पदाहरु र पूरातात्विक महत्वका स्थानहरुको प्रचार प्रसार गरी धार्मिक पर्यटनलाई प्रवर्द्धन गरिनेछ।

- आन्तरिक तथा बाह्य पर्यटन आगामनलाई आकर्षित गर्न र स्थानीय संस्कृतिको जगेर्ना गर्न होमस्टे सञ्चालन गरी घरमै बसेसरहको वातावरणको अनुभूतीहुने व्यवस्था मिलाइ जनताको आर्थिक अवस्थामा सुधार ल्याइने छ।
- छत्रकोट ३ मा रहेको भेडुवा डाँडाँमा स्तरीय होटल सञ्चालन गर्न निजी क्षेत्रलाई आह्वान गर्दै होटल सञ्चालन मार्फत् स्थानीयलाई रोजगारीमा सिर्जना गर्ने कार्यलाई अगाडि वढाइनेछ।
- गाउँपालिका भित्रका धार्मिक तथा पर्यटकिय स्थलहरुको पहिचान गरी आन्तरिक पर्यटन प्रवर्द्धनको लागि पर्यटन गुरुयोजना तयार गर्न पहल गरिनेछ । साथै पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माणमा जोड दिइनेछ ।
- पूरातात्विक रुपमा रहेको मनभाक पौवालाई संरक्षण गरिनेछ।
- दौंघाको भुवाने पोखरीको रक गार्डेनलाई थप व्यवस्थित गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ।
- संघीय तथा प्रदेश सरकार सँगको समन्वयमा मौलिपुर माललाई थप व्यवस्थित बनाइनेछ।

## ग) सहकारी  तथा गरीवी निवारण, श्रम तथा रोजगार प्रवर्धन नीति

- सहकारी संस्थाको अनुमति तथा नियमन कार्यलाई व्यवस्थित गरिनेछ।
- सहकारीको महत्व तथा अवधारणालाई वडा तहसम्म पुर्‍याइनेछ ।
- प्रत्येक परिवारका सदस्यहरुलाई आफ्नो आयअनुसार सहकारीमा अनिवार्य बचत गर्ने बानीको विकासको लागि अभिप्रेरित गर्न विभिन्न अभियानहरु संचालन गरिनेछ।
- शिक्षा,तालिम र सूचनाको माध्यमबाट सहकारीहरुको  संस्थागत क्षमता विकास गरिनेछ।
- महिला,गरीब,अपाङ्ग,सीमान्तकृत,भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै सम्पूर्ण नागरीकहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारीहरुको पहुँच अभिवृद्धि गर्ने नीति अवलम्वन गरिनेछ।
- स्थानीय श्रम,सीप र पूँजीलाई अधिकतम रुपमा परिचालन गर्ने गरी सहकारीहरुलाई विकासको साझेदारको रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ।
- उत्कृष्ट रुपमा काम गरेका सहकारी तथा समूहहरुको पहिचान गरी पुरस्कृत गरिनेछ।
- अव्यवस्थित रुपमा सञ्चालन भएका सहकारीहरुलाई एकिकृत र व्यवस्थित गरी जनअपेक्षा अनुरुप सुदृढ सहकारी स्थापनार्थ प्रोत्साहन गरिनेछ।
- गरीब पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत परिचय पत्र वितरण गर्ने कार्य सङ्घीय सरकार संगको समन्वयमा शुभारम्भ गरिनेछ।
- समुदायमा रहेको परम्परागत ज्ञान तथा सीपको स्तर वृद्धि गरी थप आयमूलक र व्यवसायमूलक बनाउन विभिन्न प्रकारका व्यवसायिक तालिमका कार्यक्रमहरु संचालन गरिनेछ।
- "गरीबी मुक्त र समानता युक्त समाज निर्माण" भन्ने मूल नारालाई आत्मसात गर्दै गरीब तथा विपन्न वर्गको मर्यादित जीवनयापनका लागि न्यूनतम मानविय आवश्यकतामा सहज र न्यायपूर्ण पहुँच स्थापित गर्ने नीति अवलम्बन गरिनेछ।
- गरीबी निवारणका प्रयासहरुमा गरीब तथा विपन्न वर्गको सहभागिता सुनिश्चित गरिनेछ।

घ) **<u>उद्योग,व्यापार तथा व्यवसाय नीति</u>**

- लोप हुनलागेका स्थानीय सिपहरुको खोजी गरी संरक्षण तथा प्रवर्द्धनको लागि सिप विकासका तालिमहरु संचालनको लागि पहल गरिने छ ।
- वेरोजगारलाई स्वरोजगार बनाउन सिकर्मी, डकर्मी, हाउस वायरिङ,प्लम्बिङ तथा ड्राइभिङ लगायतका विभिन्न सिपमूलक तालिम आवश्यकता अनुसार संचालन गरिनेछ ।
- गाउँपालिका भित्र गुणस्तरीय वस्तु तथा सेवाको नियमित र सर्वसुलभ रुममा सहज आपूर्तिको व्यवस्था गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।
- वस्तु तथा सेवामा हुन सक्ने कालोबजारी र कृत्रिम अभाव तथा म्याद नाघेका वस्तुहरुको वेचविखन नियन्त्रण गर्न निरन्तर वजार अनुगमन गर्ने कार्यलाई सबै वडामा सञ्चालन गरिनेछ।

## ३. वन, वातावरण संरक्षण तथा विपद व्यवस्थापन नीति

- वातावरण संरक्षणको लागि गाउँपालिका क्षेत्रमा खाली रहेका सार्वजनिक जग्गाहरुमा अमृसो,अमला,टिमुर लगायतका विरुवाहरु रोप्ने र स्थानीयको आम्दानी समेत बढाउने व्यवस्था मिलाइने छ।
- राष्ट्रिय वन,सामुदायिक वन र निजी वनलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।
- प्रत्येक वडाका कम्तिमा दुई स्थानमा चौपारी सहित पिपल रोप्ने कार्यालयलाई अगाडि वढाइने छ।
- निजी तथा सार्वजनिक स्थानमा भएका रुखहरूले आवासलाई क्षति पुग्ने देखिएमा सार्वजनिक भए सामुदायिक वनको नेतृत्वमा र निजी भए सम्बन्धित व्यक्तिले तत्काल रुख हटाउनु पर्ने व्यवस्था मिलाइने छ।
- फोहोरमैला व्यवस्थापन नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- फोहरमैलाको दीर्घकालीन समाधान तथा व्यवस्थापनको लागि जग्गाको (ल्याण्डफिल साइट) खोजी गरिनेछ ।
- विपद व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयनमा लगिनेछ।साथै विपद जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन समेत गरी आवश्यक व्यवस्थापन गरिनेछ।
- विपद व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु वडागत रुपमा संचालन गरिनेछ ।
- विपदको समयमा सञ्चालन गर्नुपर्ने राहात उद्धार र पुनःस्थापनालाई थप व्यवस्थित रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।
- गाउँपालिकामा विपद् व्यवस्थापन कोषमा आवश्यकता अनुसार वजेट विनियोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- वन संरक्षण, सम्वर्धन, डढेलो नियन्त्रण आदि कार्यक्रमको लागि सामुदायिक वन उपभोक्ता महासंघ गाउँ समितिसंग समन्वयात्मक रुपमा विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।
- निर्माण भएका मोटरवाटोको किनारामा वृक्षारोपण गर्न प्राथमिकता दिइनेछ ।

- नदी नियन्त्रण कार्य संगै हरियाली प्रवर्धनको लागि छिटो वढ्ने र पानी संचित गर्ने वैश आदि जातको विरुवा खोला किनाराका साथै पानीको मुहान क्षेत्रमा लगाई नदी नियन्त्रण तथा पानीको मुहान संरक्षण कार्यमा सहयोग पु-याउन पहल गरिने छ ।
- बनपैदावारवाट सञ्चालन हुने टपरी उद्योगलाई यसै आर्थिक वर्ष ०७९।८० देखि सञ्चालन गरी निर्यात योग्य बनाइनेछ।
- स्वास्थ्य तथा वातावरण सुधारको लागि सुधारिएको धुवां रहित चुल्हो तथा विद्युतीय चुल्हो प्रयोग गर्ने कार्यमा प्रोत्साहन गरिनेछ।
- नदी नियन्त्रण तर्फ खर्ज्याङ्ग खोला र रिडि खोला,वढीगाड खोलाले कटान गर्दै आएको जमिन जोगाउन सङ्घीय तथा प्रदेश सरकार सँगको समन्वयमा तटवन्धको व्यवस्था मिलाइनेछ।
- प्राकृतिक प्रकोप तथा भूकम्प जन्य दुर्घटनावाट सुरक्षित गर्न गाउँपालिकाभित्र निर्माण गरिने आवास संरचनाको घरनक्सा पास लागू गरिनेछ।
- विकास निर्माणका कार्य प्रारम्भ गर्नुपूर्व प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन(IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन(EIA) गराउने कार्यलाई अगाडि वढाइनेछ।
- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी वार्षिक कार्ययोजना बनाई गाउँपालिकावाट स्वीकृत गराउनुपर्ने तथा वन पैदावार बिक्रीवाट प्राप्त गर्ने कुल रकमको १० प्रतिशत रकम गाउँपालिकाको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था लागू गरिनेछ।

# सभाका सदस्य ज्यूहरु

# ४. पूर्वाधार विकास तर्फ

## क) सडक, पुल तथा यातायात व्यवस्था नीति

- गाउँपालिका जोड्ने पिपलनेटा कालिका नगर धरमपानी मानकोट दौघा सडकको कालोपत्रे गर्ने कार्य आ.व ०७९।०८० मा नै सुरुवात गरिनेछ।
- भेडुवा-पल्लिकोट-हुँगा सडक कालोपत्रे गर्ने कार्यलाई तिव्रताका साथ अगाडि वढाउन आवश्यक व्यवस्था मिलाइने छ।
- बिरबास घुम्ति-कोलधारी-गुन्टुङ-सिस्ने सडक खण्ड कालोपत्रे कार्यको सुरुवात गरिनेछ।
- दौघा- फर्साटाकुरा ट्र्याक खोल्ने कार्य २ वर्ष भित्र पूरा गरिनेछ।
- बौवा- भुल्के- चकमके- बलेवा सडकलाई वडा कार्यालयसँग जोड्ने कार्यलाई अगाडि वढाइनेछ।
- हुँगा-चोरकाटे सडक व्यवस्थित रुपमा सञ्चालन गर्न संङ्घीय सरकारसंग समन्वय गरिनेछ।
- ठूलापोखरा-ढाव-कछौटे-उल्लिखोला मोटरबाटोको स्तरोन्नति गरिनेछ।
- लुम्छा- सातमुरे मोटरबाटो स्तरोन्नति प्रक्रिया अगाडि वढाइनेछ।साथै पिपलनेटा-मनभाक सडक समेत स्तरोन्नति गरिनेछ।
- उल्लिखोला-रमौदी-मुस्लिम वस्ती-चोरकाटे मोटरबाटोको थप स्तरोन्नति कार्य अगाडि वढाइनेछ।

- कृषि उपजलाई बजार सम्म पुऱ्याउन हाल यातायात सेवा सञ्चालन भएका सबै सडकहरुलाई बाह्रै महिना सञ्चालन हुने गरी आवश्यक व्यवस्था मिलाइने छ।
- सडकको दिगो संरक्षणका लागि सडकनालीको निर्माणमा जोड दिइनेछ। नाली सहितको सडक स्तरोन्नतिको कार्यलाई प्रोत्साहन गरिनेछ।
- गाउँपालिकाले निर्धारण गरेको सडक मापदण्ड कार्यान्वयन गरिनेछ।
- छत्रकोट सडक गुरु योजना निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- निर्माण भएका मोटरवाटोहरुमा बर्षाको समयमा निर्वाध रुपमा सवारी साधन संचालन गर्न तथा सडकको नियमित मर्मत संभारको लागि सडक मर्मत संभारकर्ताहरु(लेन्थ वर्कर) परिचालन गरिनेछ ।
- अव निर्माण गरिने भौतिक संरचनाहरुलाई अपाङ्ग मैत्री,बालमैत्री बनाइदै लगिनेछ।
- सडक मापदण्डभित्र सरकारी,सामुदायिक तथा व्यक्तिगत भवन निर्माण गर्ने कार्यलाई बन्द गरिनेछ।
- चक्रपथ निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

## ख) विद्युत तथा उर्जा नीति

- न्यूनतम अर्थात् २० युनिट सम्म मात्र विद्युत प्राधिकरण अन्तर्गत विद्युत सेवा लिने घरको विद्युत महशुल निःशुल्क गरिनेछ।
- विद्युतमा लो भोल्टेज तथा भोल्टेज अपडाउन हुने समस्यालाई नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ।
- विद्युत सुविधा नपुगेका घरहरुमा यसै आ.व भित्र विद्युत पुऱ्याउन पहल गरिनेछ।
- विद्युतको पहुँच नपुगेका विद्यालयहरुमा वैकल्पिक उर्जाको व्यवस्था मिलाइनेछ।
- आवश्यक स्थानहरुमा ट्रान्सफर्मर जोड्ने कार्यलाई अगाडि वढाइनेछ।
- उज्यालो छत्रकोट अभियान अन्तर्गत यस गाउँपालिकाका बजार क्षेत्रमा सडक बत्तीको लागि आवश्यक व्यवस्था मिलाइने छ।

## ग) सूचना तथा सञ्चार प्रविधि नीति

- नागरीकहरुको सूचनाको हकलाई उच्च सम्मान गर्दै गाउँपालिका कार्यालय तथा शाखाहरुलाई सूचना मैत्री बनाईनेछ।
- गाउँपालिकाले गर्ने हरेक सेवालाई चुस्त,दुरुस्त,पारदर्शी तथा प्रविधि मैत्री बनाउन आधुनिक सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ।
- पत्रकारिता र संचार जगत संग विकास र सुशासनमा सहकार्य गरिने छ ।
- स्थानीय संचार गृहहरुलाई नियमित प्रसारण गर्न आवश्यक सहयोग पुऱ्याइने छ।

### घ) भवन, वस्ती, आवास तथा सहरी विकास नीति

- वढ्दै गएको वजारीकरणलाई ध्यान दिदै नयाँ निर्माण गरिने भवनहरुमा भवन निर्माण मापदण्ड लागु गर्न पहल गरिनेछ ।
- स्थानीय भवन मापदण्ड तथा स्थानीय भवन संहिता तर्जुमा गरी नक्सा पास प्रणालीलाई कार्यान्वयनमा लगिनेछ।
- आगामी २ वर्ष भित्र खरका छाना मुक्त गाउँपालिका घोषणा गर्ने गरी कार्य अगाडि वढाईनेछ।
- आगामी ३ वर्ष भित्र सुकुम्बासी र अव्यवस्थित बसोवबासीको समस्या समाधान गर्ने गरी कार्य अगाडि वढाइने छ।
- गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्ने कार्यलाई यसै आ.व वाट सुरुवात गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकास तर्फ

### क) स्थानीय सेवा तथा जनशक्ति व्यवस्थापन नीति

- स्थानीय सरकार छत्रकोटको विकासको लागि छत्रकोटमा क्रियाशील सम्पूर्ण राजनैतिक दलको सुझाव सल्लाह र सहयोग लिदै गाउँपालिकाको सार्वजनिक सेवा प्रणालिमा समेत सुधारात्मक कार्य प्रणाली अवलम्बन गरिनेछ।
- गाउँपालिकामा आवश्यक पर्ने जनशक्ति व्यवस्थापनका लागि प्रदेश लोकसेवा आयोग मार्फत् पदपूर्ति प्रक्रिया अगाडि बढाउँदै प्रदेश लोक सेवा आयोगवाट कर्मचारीको पदपूर्ति नहुँदा सम्मको लागि करार सेवावाट भएपनि कर्मचारी व्यवस्थापन गरी गाउँपालिका,वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा हुने कार्यहरुलाई नियमित सञ्चालन हुने व्यवस्था मिलाउन आवश्यक प्रक्रिया अगाडि वढाइने छ।
- गाउँपालिका कार्यालयमा आउने सेवा ग्राहीहरुलाई काममा अलमल नहोस् भनी स्थापना गरीएको नागरीक सहायता कक्षलाई थप व्यवस्थित गर्ने र गाउँपालिका अन्तर्गतका कामको लागि प्रयोगहुने कागजपत्रको निःशुल्क फोटोकपि गरिने व्यवस्था मिलाइनेछ।
- यस गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासको लागि समयानुकुल विभिन्न क्षमता विकासका कार्यक्रमहरु आयोजना गरिनेछ ।
- गाउँपालिकाको राजस्व प्रशासनलाई चुस्त दुरुस्त तथा पारदर्शी बनाउन गाउँपालिकाका सबै वडामा अनलाईन प्रणाली बाट राजस्व संकलन गर्ने वातावरण तय गरिनेछ।
- गाउँपालिकावाट भए गरेका कामको विवरण जनता समक्ष पुऱ्याउन वेवसाईट तथा फेसबुक पेज मार्फत सार्वजनिक गर्ने कार्यलाई थप व्यवस्थित गराइनेछ।
- गुनासो व्यवस्थापनको लागि गुनासो सुन्ने अधिकारी तथा सूचना व्यवस्थापनको लागि सूचना अधिकारीको कार्यलाई अझ व्यवस्थित र प्रभावकारी बनाईनेछ।
- गाउँपालिकामा राम्रो कार्यसम्पादन गर्ने कर्मचारी,स्वास्थ्यकर्मी,उत्कृष्ट विद्यालय तथा शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

- भ्रष्टाचार र अनियमित कार्यलाई कडाईका साथ नियन्त्रण गर्दै पारदर्शिता र जवाफदेहि प्रणालीलाई सुदृढ तुल्याईनेछ।
- स्थानीय सरकार सञ्चालनको लागि आवश्यक पर्ने ऐन, नियमावली, कार्यविधिहरुको निर्माण तथा संशोधन गरी कार्यान्वयमा लगिनेछ।

## ख) सुशासन तथा क्षमता विकास तर्फ

- गाउँपालिकाको नाममा रहेको वेरुजु तथा पेश्की वेरुजुलाई फछ्र्यौट गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
- वडा तह देखि गाउँपालिका तह सम्म सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, नागरीक वडापत्र आदिको माध्यमद्धारा वडा तथा गाउँपालिका तहमा सुशासन प्रवर्द्धनमा जोड दिइनेछ।
- उपभोक्ता समितिको क्षमता विकासको लागि वडा तहमा तालिम कार्यक्रम संचालन गरिनेछ ।

## ग) न्यायिक समिति

- न्यायिक समितिको पदाधिकारीहरुको क्षमता विकासको लागि समयानुकुल र विषयानुकुल क्षमता विकासको लागि तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिका स्थित मेलमिलाप केन्द्रको लागि पूर्वाधार युक्त बनाउन जोड दिइनेछ ।
- न्यायिक समितिमा उजुरी दर्ता गर्दा लाग्ने दस्तुर निःशुल्क गराईनेछ।
- न्यायिक समितिलाई थप क्रियाशिल बनाई प्रभावकारी बनाउने नीति अबलम्बन गरिनेछ।
- न्यायिक समितिबाट निर्णय/मेलमिलाप भएका विवादहरुको कार्यान्वयन कडाईका साथ कार्यान्वयन गर्न आवश्यक ऐन निर्माण गरिनेछ।
- सामुदायिक मेलमिलाप केन्द्रमा कार्यरत सामुदायिक मेलमिलाप कर्तालाई निरन्तरता दिँदै क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।

## घ) विविध तर्फ

- आवधिक गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ। साथै ठूला विकासका आयोजना अगाडि वढाउन डि.पि.आर तयार गरिनेछ।
- दिगो विकासका लक्षको स्थानीयकरणका लागि आवश्यक नीति तथा कार्ययोजना तयार गरिनेछ।
- जोखिम संवेदनशील भू-उपयोग योजना बनाइ कार्यान्वयनमा लगिनेछ।
- एक स्थानीय तह एक उद्योग ग्राम नीति अन्तर्गत औद्योगिक ग्राम स्थापना गर्ने कार्यको लागि सम्भ्यावता अध्ययन गरी आवश्यक कार्य अगाडि वढाइनेछ।
- सामाजिक समावेशीकरण सम्बन्धी आवश्यक नीति निर्माण गरी कार्यान्वयनमा लगिनेछ।
- निजी क्षेत्रलाई विकासका क्रियाकलापमा संलग्न गराउने उद्देश्यले सार्वजनिक-निजी साझेदारी कार्यक्रम संचालन गरिनेछ।

- शान्ति सुरक्षा र सु-व्यवस्था कायम गर्न सुरक्षा निकायलाई व्यापक रुपमा सञ्चालन गर्न आवश्यक समन्वय र सहजीकरण गरिनेछ।
- अन्तर गाउँपालिका सम्बन्ध विकास गरी अन्तर-स्थानीय तहहरुसँगको साझेदारीका विकास निर्माणका कार्यक्रमहरुलाई अगाडि बढाइनेछ।
- ट्राफिक प्रहरि कार्यलयको भवन निर्माणको लागि सहयोग गरिनेछ।

यस गाउँपालिकाको स्रोत तथा साधनले धान्न नसक्ने ठूला योजनालाई कार्यान्वयन गर्नको लागि संघीय सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवाला निकाय संग समन्वय गरी अगाडि वढाइने प्रस्ताव गरेको छु।

श्रद्धेय सभा सदस्य ज्यूहरु,

प्रस्तुत नीति अनुसारका कार्यक्रम तथा वजेटको कार्यान्यिनबाट यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधारको विकास तथा वातावरण संरक्षण संम्वर्द्धन मार्फत स्थानीय स्तरमा रोजगारीका अवसरमा वृद्धि हुनुका साथै गरीवी निवारण, आय आर्जनको यथोचित वातावरण सृजना भई छत्रकोट गाउँपालिकाको चौतर्फी विकासमा योगदान पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, यस छत्रकोट गाउँपालिकाको आ.व २०७९।०८० को लागि नीति तथा कार्यक्रम तयार गर्न आफ्नो अमूल्य राय सुझाव तथा सल्लाह प्रदान गर्नुहुने सम्पूर्ण जन प्रतिनिधिहरु, राजनीतिक दल, कर्मचारी, शिक्षक, नागरीक समाज, पत्रकार तथा संचारकर्मी लगायत विभिन्न संघ संस्थालाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**राम प्रसाद पाण्डेय**
**अध्यक्ष**
**छत्रकोट गाउँपालिका, गुल्मी**